का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक ३२७
- ६ माघ २०७८, बिहीबार
- 20 January 2022, Thursday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।



# 'संक्रमित' सरकार

खोपको अपर्याप्त

प्यारा सिटामोलको अभाव

भीडभाड जस्तै, बजार सञ्चालनमा

रोकथामका प्रोटोकल निरीक्षणमा कमजोरी

स्थानीय प्रशासन निर्देशन जारीमै सीमित

स्थानीय सरकार आफै अलमलमा

> कोरोना भाइरसको तेस्रो भेरियन्ट ओमिक्रोनका कारण संक्रमण लगातार उच्च दरमा बढिरहेपनि स्थानीय प्रशासन, स्वास्थ्य संस्था र नागरिकलाई आफ्नो जीवनरक्षा गर्न भनेर सरकार भने भूमिका विहीन देखिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ माघ ।

कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण उच्च दरमा बढेको छ । बुधबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको रिपोर्ट अनुसार, ११ हजार ३५२ जनामा संक्रमण पुष्टि भएको छ । अघिल्लो दिन भन्दा यो एक हजार बढी हो । मंगलबार १०,२५८ जनामा संक्रमण पुष्टि भएको थियो ।

बुधबार २३,४०९ जनाको परीक्षण रिपोर्ट सार्वजनिक भएको हो । यो भनेको ४८ प्रतिशत संक्रमण दर हो । अघिल्लो दिन भन्दा चार प्रतिशतले संक्रमण दर बढेको छ । मंगलबार २२,८२८ जनामा परीक्षण गर्दा ४४.९ प्रतिशतमा संक्रमण पुष्टि भएको हो । तर तेस्रो भेरियन्टको संक्रमण फैलन थालेपछि भने २६ गुणा बढी हो । गएको पुस २१ गते १०,२६७ जनामा परीक्षण गर्दा ४३५ जनामा संक्रमण पुष्टि भएको थियो ।

तर दक्षिण अफ्रिका भएर फैलिएको ओमिक्रोनको संक्रमण राजधानी उपत्यकामा सवैभन्दा धेरै देखिएको छ । बुधबार काठमाडौंमा ४,६६६ जनामा संक्रमण पुष्टि भएको छ । ललितपुरमा १,०९९ र भक्तपुरमा ५७८ जनामा संक्रमण पुष्टि भएको छ । तीन जिल्ला गरी राजधानी उपत्यकामा ६,३४३ जनामा संक्रमण पुष्टि भएको छ । प्रदेशगत रुपमा पनि सवैभन्दा धेरै बागमती प्रदेशमा संक्रमण देखिएको छ । बागमतीमा ७,२२४ जनामा बुधबार एकैदिन संक्रमण पुष्टि भएको छ । प्रदेश-१ मा ५९७, प्रदेश-२ ३२५, गण्डकी प्रदेशमा ६०८, लुम्बिनीमा ५०५, कर्णालीमा ४४ र सूदुरपश्चिमा १८० जनामा संक्रमण पुष्टि भएको छ ।

संक्रमणदर रोकथाम तथा सतर्कताका लागि आवश्यक निर्णय गर्ने अधिकार भने स्थानीय प्रशासनले दिएको छ । कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) को सिफारिस र सरकारको निर्णय अनुसार, रोकथामका लागि आवश्यक निर्णय गर्ने अधिकार स्थानीय प्रशासनलाई दिएको छ । सीसीएमसी

– बाँकी पृष्ठ २ मा

**कोरोना अपडेट**

| | |
|---|---|
| संक्रमित | : ११,३५२ |
| परीक्षण | : २३,४०९ |
| मृत्यु | : ४ |
| निको हुने | : ६१३ |

# प्रोटोकलप्रति बेवास्ता

कोरोना महामारीको संक्रमण रोकथामका निम्ति आवश्यक सतर्कता नअपनाइ परीक्षा सञ्चालन भएको भन्दै विद्यार्थीहरु प्रदर्शनमा उत्रिएपछि प्रहरीसँग झडपको अवस्था सिर्जना भएको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ माघ ।

कोरोना संक्रमणबाट जोगिन आवश्यक रोकथाम नअपनाइ परीक्षा सञ्चालन गरिएको भन्दै विद्यार्थीहरुले प्रदर्शन गर्दा बुधबार बानेश्वरको झडपकै अवस्था सिर्जना भएको छ । बानेश्वरस्थित कान्तिपुर इन्टरनेश्नल कलेज, बुद्धनगरमा विद्यार्थी र प्रहरीबीच झडप भएको हो । विद्यार्थीहरुले कोरोना संक्रमित र संक्रमण नभएका विद्यार्थीहरुलाई एकैठाउँमा राखिएको भन्दै विरोध गरेका थिए ।

अवस्था नियन्त्रणमा लिन प्रहरीले लाठी चार्ज गरेको थियो । लाठी चार्जमा केही विद्यार्थी घाइते भए । यो बाहेक अन्य परीक्षा केन्द्रमा पनि आवश्यक सतर्कता नअपनाइएको विद्यार्थीहरुले जनाएका छन् । स्नातक तह चौथो वर्षको परीक्षा आवश्यक सतर्कता अपनाएर सञ्चालन गर्ने निर्णय गरेको छ । त्यसैअनुसार, परीक्षा सञ्चालन हुनुपर्नेमा नियमित अवस्था

– बाँकी पृष्ठ २ मा

## पीसीआर परीक्षणको मूल्य घटाइयो

**काठमाडौं/मस–** कोरोना परीक्षण गर्दा पीसीआरको मूल्य चर्को भएको विरोधपछि मूल्य घटाइएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाकै अग्रसरतामा पीसीआर परीक्षणको मूल्य घटाइएको हो । प्रधानमन्त्रीको निर्देशनपछि स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाले निजी अस्पताल र ल्याबमा पीसीआर परीक्षणको मूल्य घटाउन निर्देशन दिएका हुन् । उक्त निर्देशनपछि अब सरकारी अस्पतालमा भर्ना भएको बिरामीको निःशुल्क पीसीआर परीक्षण हुने भएको छ । तर परीक्षण मात्रै गर्नेलाई रु. ८०० भन्दा बढी लिन शूल्य लिन नपाइने भएको छ ।

निजी अस्पताल तथा ल्यावले १,५०० बढी शुल्क लिन नपाउने निर्णय सरकारले गरेको छ । यसअघि निजीमा पीसीआर परीक्षण गर्दा २,००० लिने गरिएको थियो ।

# इजरायलले निर्माण मजदुर पनि लैजाने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ पुस ।

इजरायलले नेपालीलाई निर्माण क्षेत्रमा पनि रोजगारी दिने भएको छ । नेपाल र इजरायल सरकारले नेपाली नागरिकलाई इजरायलमा निर्माण क्षेत्रमा काम गर्न पठाउने द्विपक्षीय सम्झौताको तयारी गर्न संयुक्त कार्यदल गठन गर्ने निर्णय गरेसँगै इजरायलमा रोजगारीको नयाँ क्षेत्र खुलेको हो । परराष्ट्रमन्त्री डा. नारायण खड्का र नेपालका लागि इजरायलका राजदूत हानान गोडर-गोल्डबर्गरबीच बुधबार दिउँसो परराष्ट्र मन्त्रालयमा भएको वार्तापछि उक्त निर्णय भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

यसैबीच, केयर गिभर रोजगारीका लागि छनोट भएका ९९ जना नेपाली कामदार बुधबार राती इजरायलतर्फ उड्ने तयारीमा छन् । वैदेशिक रोजगार विभागका अनुसार बुधबार राती ११ बजे ६३ महिला र ३६ पुरुष गरी ९९ जना इजरायलतर्फ जान लागेका हुन् । १ सय २५ जनालाई उडाउने तयारी भएपनि २६ जनामा कोरोनाभाइरस संक्रमण भएपछि ९९ जना मात्र जाने टुंगो लागेको विभागका निर्देशक डम्बरबहादुर सुनुवारले बताए । उनीहरू इजरायल पुगे पछि १४ दिन क्वारेन्टिनमा बसेपछि काममा जान पाउने बताइएको छ । दोस्रो चरणमा माघ १५ र १८ गते १ सय ६२ जना इजरायल जाने तय भएको विभागले जनाएको छ ।

इजरायलको केयर गिभरका लागि पहिलो चरणमा १ हजार १ सय ७५ जना छनौट गरिएकोमा हालसम्म ९ सय ९४ कामदारसँग सम्झौता भइसकेको समेत विभागले जनाएको छ । विभागले इजरायल रोजगारीका लागि एक हजार ६ सय जनाको अन्तिम छनोट गरेको थियो । इजरायलमा विदेशी कामदारको भिसा अवधि पाँच वर्षको हुने भए पनि प्रत्येक वर्ष भिसा नवीकरण गर्नुपर्छ ।

इजरायल नेपाली कामदारको आकर्षक श्रम गन्तव्य हो । तर, लामो समयदेखि नेपाली कामदार लैजाने छलफल पछि गत असोज १४ गते नेपाल र इजरायलबीच इजरायलमा नेपाली कामदारको अस्थायी रोजगारीसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको थियो । सम्झौताअनुसार इजरायलमा केयर गिभरका लागि ५ सय नेपाली कामदार जानेछन् ।



**वैदेशिक रोजगार विशेष**

## दूतावासको सेवा प्रवाहमा सम्पर्क समितिको असन्तुष्टी



क्वालालम्पुर/मस- नेपाली जनसम्पर्क समिति मलेसियाले दूतावासको सेवा वैदेशिक रोजगारीमा रहेका कामदार मैत्री नभएको भन्दै क्वालालम्पुरस्थित नेपाली दूतावासको ध्यानाकर्षण गरेको छ ।

जनसम्पर्क समिति मलेसियाका सभापति चोलाकान्त पंगेनीले कार्यवाहक राजदूत मोतीबहादुर श्रीसलाई बुधबार ४ बुँदे ध्यानाकर्षण पत्र बुझाउँदै राजदूतावासले प्रदान गर्ने सेवाहरू सहज र रोजगारीमा रहेका कामदारको पहुँचमा हुनुपर्ने माग गरेका हुन् । समितिले अनलाइन प्रणालीबाट पुनः श्रम स्वीकृति दिने निर्णय भएपनि

– बाँकी पृष्ठ २ मा

# भर्चुअल गतिविधिमा जोड

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, ५ माघ ।



> ओमिक्रोनबाट संक्रमित संख्या बढेर गएपछि राजनीतिक-प्रशासनिक-सामाजिक गतिविधि भर्चुअल माध्यमबाट गर्न थालिएको छ ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग सहित झण्डै चार महिनादेखि चल्दै नेपाल बार एशोसिएशनको आन्दोलनको स्वरुप फेरिएको छ । नेपाल बार एशोसिएशनले सर्वोच्च अदालतको न्यायिक शुद्धताका लागि प्रधानन्यायाधीश जबराले राजीनामा दिनुपर्ने अडान राख्दै आएको छ । तर कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको प्रकोप बढेकाले अब आन्दोलन स्वरुप बदलेर भर्चुअल माध्यमबाट गरिने अध्यक्ष चण्डेश्वर श्रेष्ठले बताए ।

बारले माघ ६ गतेदेखि १८ गतेसम्म फरक स्वरुपमा आन्दोलन गर्ने भएको छ । परिवर्तित कार्यक्रम अन्तर्गत भर्चुअल माध्यमबाट अन्तरक्रिया हुनेछ । बारले गएको कात्तिक १६ गतेदेखि लगातार आन्दोलन गरिरहेको छ । तर प्रधानन्यायाधीश जबरा भने राजीनामा नदिने अडानमा अडिग छन् । सर्वोच्च अदालतमा भने प्रधानन्यायाधीश जबराको कार्यकारी भूमिका बिनै सुनुवाइ हुँदै आएको छ । आन्दोलनरत बारले भने स्वरुप परिवर्तन गरेर आन्दोलनलाई जारी राख्ने भएको छ ।

कोरोना प्रकोप बढेर गएपछि अन्य प्रशासन, राजनीतिक तथा सामाजिक गतिविधि पनि भर्चुअल माध्यमबाट हुन थालेको छ । राजनीतिक दलहरुले भौतिक उपस्थिति भएर गरिने गतिविधि रोकेको छ ।

भौतिक उपस्थिति सहितको गतिविधि रोकेर दलहरुले भर्चुअल माध्यमबाट गतिविधि गर्न कार्यकर्तालाई निर्देशन दिएका छन् ।

अन्य सामाजिक संस्थाहरुले पनि भौतिक उपस्थितिलाई न्यून गरेको छ । तोकिएका परीक्षा सञ्चालन भइरहेपनि अन्य पठनपाठन रोकेको छ । कलेज तथा विद्यालयहरुले अनलाइन माध्यमबाट कक्षा सञ्चालन गर्न थालेका छन् । तर अत्यावश्यक गतिविधिमा भने सचेतता अपनाएर गर्न सरकारले आग्रह गरेको छ ।

## "संक्रमित" ....

र सरकारको निर्णयअनुसार राजधानी उपत्यकामा रोकथामका लागि आवश्यक प्रोटोकल निर्माण गरिएको छ । तर प्रोटोकल कार्यान्वयनको निरीक्षण भने गरिएको छ । बुधबार बानेश्वरस्थित एक कलेजमा परीक्षा सञ्चालन हुँदा कोरोनाका लागि आवश्यक सतर्कता नअपनाएको भन्दै विद्यार्थी र प्रहरीबीच भएको झडपले पनि त्यो पुष्टि हुन्छ । परीक्षार्थीहरुले रोकथामको आवश्यक सतर्कता नअपनाएको भन्दै विद्रोह गरेका थिए । सार्वजनिक स्थलको भीडभाड, बजारपसल लगायत सञ्चालनमा पनि आवश्यक ध्यान पुगेको छैन ।

सरकारले अस्पतालहरुलाई आवश्यक तयारीमा जुट्न निर्देशन दिएको छ । तर त्यसबारे आवश्यक सहजीकरण गर्न भने सरकार चुकेको छ । राजधानीमा बिरामीको संख्या अत्याधिक बढेर गएपछि प्यारा सिटामोलको समेत अभाव देखिएको छ । बिरामीहरुले सिटामोल समेत पाउन सकेको छैन ।

कयौंले खोप पाएका छैनन् । सरकारले भने खोपको कुनै कमी नभएको बताएको छ । संक्रमणदर उच्च भएपनि परीक्षण व्यवस्था थप बिस्तार हुन सकेको छैन । तर पनि सरकारले पनि नागरिकको जीवनरक्षामा कुनै कमी हुन नदिने बताउन छोडेको छैन ।

## प्रोटोकलप्रति ....

जस्तो परीक्षा सञ्चालन भएको विद्यार्थीहरुको भनाइ छ । महामारीप्रति आवश्यकता सतर्कता नअपनाइएको भन्दै विद्यार्थी संगठनहरुले पनि आपत्ति जनाएका छन् । बुधबारदेखि शुरु भएको परीक्षामा कोरोना संक्रमितहरुलाई छुट्टै ठाउँमा परीक्षाको व्यवस्था गर्ने सरकारको निर्णय थियो । तर कलेज प्रशासनले सरकारको निर्णय मानेका छैनन् । कलेज प्रशासनको यस्तो शैलीप्रति राष्ट्रिय मानव अधिकार आयोगले सरकारको ध्यानाकर्षण गराएको छ । महामारीका समयमा स्वास्थ्यसम्बन्धी मापदण्डको पूर्ण पालना गरेर परीक्षा सञ्चालन गर्न आयोगले आग्रह गरेको छ । प्रवक्ता डा टीकाराम पोखरेलले विज्ञप्ति जारी गर्दै नागरिकको स्वास्थ्यमा पर्नसक्ने जोखिमप्रति सचेत रहन सरकारसँग आग्रह गरिएको छ ।

पूर्वाञ्चल विश्वविद्यालयद्वारा सञ्चालित एलएलबि चौथो वर्षको परीक्षा अनलाइन माध्यमबाट हुनुपर्ने भन्दै काठमाडौँको बुद्धनगरस्थित कान्तिपुर इन्टरनेशनल कलेजमा विद्यार्थीबाट भएको विरोध प्रदर्शनमा प्रहरी हस्तक्षेप हुँदा एक विद्यार्थी घाइते भएको र ११ जनालाई नियन्त्रणमा लिइएको घटनाप्रति आयोगले ध्यानाकर्षण जनाएको छ । उक्त घटनाका सम्बन्धमा आयोगको टोलीले अनुगमन गरेको छ । अनुगमनका क्रममा कोरोना संक्रमणको दर तीव्र गतिमा फैलिरहेको तथा परीक्षा सञ्चालनका क्रममा स्वास्थ्यको मापदण्ड पालना नहुँदा विद्यार्थीको ज्यान जोखिममा पर्नसक्ने भन्दै विद्यार्थी आन्दोलनमा उत्रिएको बुझिएको छ ।

विद्यार्थीले हाल चलिरहेको परीक्षालाई अनलाइन वा अन्य वैकल्पिक माध्यमबाट सञ्चालन गर्नुपर्ने माग राखेको आयोगको अनुगमनबाट पाइएको र त्यस सम्बन्धमा आयोगमा निवेदनसमेत प्राप्त भएको आयोगले जनाएको छ ।

## दूतावासको ....

रकम तिर्ने प्रकृया कामदारको पहुँच बाहिर रहेकोले त्यसलाई सरल बनाउन तत्काल वैदेशिक रोजगार विभागलाई पत्राचार गर्नुपर्ने, श्रम स्वीकृति सकिएर नेपाल आउन नपाई मलेसियामा मृत्यु भएका कामदारका आश्रित परिवारले राहत तथा क्षतिपूर्ति नपाएकोले उनीहरूले पाउनुपर्ने रकम कम्पनीको तर्फबाट दिलाउन पहल गर्नुपर्ने समितिले माग गरेको छ ।

त्यसैगरी, समितिले नेपाली दूतावासबाट प्रदान गरिने ट्राभल्स डकुमेन्ट समस्यामा रहेका कामदारको क्षमता र पहुँचभन्दा महँगो रहेको र दूतावासको झन्झटिलो भएको, सामान्य फारमको लागि पनि सेवाग्राहीलाई रकम तिराउन वाध्य पार्ने गरिएको ध्यानाकर्षण पत्रमा उल्लेख गरेको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### हक दावी सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७८/१०/०६**

यस कार्यालयमा मिति २०६८/१२/१० मा दर्ता भएको **प्रा.लि. नं. ९१७२६** को **दिब्य ज्योती आयुर्वेद औषधालय प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०६/१९ मा दर्ता भएको **प्रा.लि. नं. १४०८९९** को **मानवीय स्वास्थ्य सेवा प्रा.लि.**को सेयर धनीको मिति २०७८/०९/०४ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल** : rokayasherbahadur723@gmail.com

---

### सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/१०/६**

यस सा.व.स. बाट साल गोलिया काठ १८३३.९४ क्युफिट, खयर ६८७.४६ क्युफिट (स्यापउड सहित), अस्ना गोलिया काठ ४५८.०८ क्युफिट र साल दाउरा २.२५ चट्टा विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**मनकामना सामुदायिक वन उपभोक्ता समूह, देवघाट ३, तनहुँ**

---

### जि.डि श्रेष्ठ ईन्टरप्राइजेज प्रा.लि खारेजीमा गएको लिक्वीडेटरको सूचना

कम्पनी ऐन,२०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको प्रा.लि नं १०५८५४ (दर्ता मिति २०५०।०५।११) को **जि.डि श्रेष्ठ ईन्टरप्राइजेज प्रा.लि** को मिति २०७८।०९।०७ मा बसेको विशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुदाँ यस कम्पनीमा कोहि कसैको कुनै बाँकि बक्यौता वा लेनदेन आदी बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफै वा प्रतिनिधी मार्फत हकदावी गर्न निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनी खारेजीमा लैजाने प्रक्रिया शुरु गरी खारेजी गरिने व्यहोरा जानकारी गराईन्छ ।

**लिक्विडेटरः कुमार राज जोशी (दामासायी व्यवसायी), इजाजतपत्र नं. २१४,**
**ठेगाना : बुद्धनगर, काठमाण्डौ, फोन नं ०१४७९३५५५,**
**मोवाईल नं. ९८५१०१८२८२,** **ईमेल** : joshikumar@gmail.com

---

### मानिस हराएको सूचना

मिति २०६७/५/२५ गते देखि कावासोति -८, नवलपरासी पुर्व, निवासी राम क्षेत्री नाम गरेको कालो वर्ण, उचाई अन्दाजि ५ फिट २ इन्च भएको पुरुष हराएको र हाल सम्म पनि फेला नपरेकाले फेला पार्ने महानुभावले नजिकैको प्रहरी कार्यालय वा ९८४७२६९३८४ सर्म्पक गरिदिनुहुन अनुरोध छ ।

**हराएको मानिसको विवरण**

| | |
|---|---|
| **नाम** | **: राम क्षेत्री** |
| **ठेगाना** | **: कावासोति -८, नवलपरासी पुर्व** |
| **उचाइ** | **: ५ फिट २ ईन्च (हराएको समयमा)** |
| **तौल** | **: ५५ केजि (हराएको समयमा)** |
| **आँखाको रङ** | **: कालो** |
| **कपालको रङ** | **: कालो** |

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

**प्रकाशित मितिः २०७८/१०/०६**

यस कार्यालयमा मिति २०६१/०४/२२ मा दर्ता भएको **प्रा.लि. नं. ३०१८०** को **देवघाट एक्स्पोर्ट इम्पोर्ट प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

### बीमालेख हराएको सूचना

यस कम्पनीबाट जारी भएको तपशिल बमोजिमको बीमालेख मिति २०७८/०९/१० गते बालाजु बाईपास देखि त्रिशुली सम्म जाँदा हराएको हुनाले, सो बीमालेख उपर कसैको हकदावी भए स-प्रमाण कम्पनीको प्रधान कार्यालय वा शाखा कार्यालयमा सर्म्पक गर्नुहुनु अनुरोध गरिन्छ । अन्यथा बीमा ऐन बमोजिम भइजाने बेहोरा जानकारी गराइन्छ ।

**नाम : प्रकाश गुरुङ**
**बीमालेख नं. : १०९००३५४६**
**ठेगाना : नेपालटार बालाजु**
**नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड**

---

### स्कुटर हराएको सूचना

**मिति २०७८/०९/२० गते साझ ९ बजे तिर गोङ्गबुमा पार्किङ गरीराखेको बा. ६९ प ६७८३ नंम्बरको कालो/सेतो रंगको DIO स्कुटर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनेलाई विशेष पुरस्कार दिनेछु ।**

**सवारी धनी : जस्मिन श्रेष्ठ**
**ठेगाना : बुढानिलकण्ठ-४, काठमान्डौ**
**च्यासिस नं : ME4JF393FF7023233**
**इन्जीन नं : JF39E71023279**
**सम्पर्क : ९८४१४३७२०२**

---

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**

## New Town Project Office, Patan, Baitadi

### INVITATION FOR BIDS (IFB)

**IFB NO.: NTPO/Patan/03/078/79**
**Date of Publication: 2078-10-06 BS (2022-01-20 AD)**

New Town Project Office, Patan, Baitadi, invites electronic bids from eligible bidders for the following works under NCB single stage single Envelope system bidding procedure. Bidders may obtain further information from the PPMO'S web portal: www.bolpatra.gov.np/egp and New Town Project Office, Patan, Baitadi.

| S N | Contract ID | Description of Works | Total Estimated Amount with PS (Excluding VAT) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Last date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|
| 1 | DUDBC/NTPO/ Patan/Works/NCB /10/078/79 | Kholsi to Pancheshwar Road Construction and Improvement Work at Patan Municipality 06 Patan Baitadi. | 4,289,034.64 | 140,000.00 | 3,000/- | 2022-02-20 (2078-11-08) 12:00 Hours |
| 2 | DUDBC/NTPO/ Patan/Works/NCB /11/078/79 | Upgradation Work of chuchchai-Kholsi-Sakela-Kaneda-Basantapur Road at Patan Municipality 04 and 06 Patan Baitadi. | 10,931,268.93 | 340,000.00 | 3,000/- | 2022-02-20 (2078-11-08) 12:00 Hours |
| 3 | DUDBC/NTPO/ Patan/Works/NCB /12/078/79 | Upgradation of Anarkholi-Mate-Kuku-KaphalchaudaPatan Road at Patan Municipality 02, 08 and 06 Patan Baitadi. | 8,567,016.40 | 270,000.00 | 3,000/- | 2022-02-20 (2078-11-08) 12:00 Hours |
| 4 | DUDBC/NTPO/ Patan/Works/NCB /13/078/79 | Construction of Vijaypur-Kichar-Surnaya Road at Patan Municipality 09 Patan Baitadi. | 3,860,233.93 | 120,000.00 | 3,000/- | 2022-02-20 (2078-11-08) 12:00 Hours |
| 5 | DUDBC/NTPO/ Patan/Works/NCB /14/078/79 | Upgradation of Urban Roads in the Market Area of the New Town Area at Patan Municipality 06 Patan Baitadi. | 8,055,178.70 | 260,000.00 | 3,000/- | 2022-02-20 (2078-11-08) 12:00 Hours |

**Project Chief**

---

## Rajbiraj Municipality

## Office of the Municipal Executive

**Rajbiraj, Saptari**

### Invitation for Bids

**Contract Identification No: Rmun/Saptari/Work/NCB/03/078/079**
**Date of Publication: B.S. 2078/10/06 (20th January, 2022)**

1. Rajbiraj Municipality, Office of the Municipal Executive, Rajbiraj, Saptari invites electronic bids from eligible bidders for the following work under National Competitive Bidding- Single Stage Two Envelope Bidding procedure. Some of the qualification criteria are mentioned below, though the details are :

| S.N. | Contract No. | Description of Work | Total Estimated Amount Without VAT (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | Rmun/ Saptari/Work/ NCB/03/078/079 | Construction of Integrated Solid Waste Management and Waste Processing Unit, Rajbiraj | 2,35,57,092.46/- | 7,00,000.00 (Total 120 Days of validity) | 5,000.00 (Non Refundable) | 2078/11/08 (20th February, 2022) Time: 12:00 Afternoon | 2078/11/08 (20th February, 2022) Time: 14:00 PM |

| Place to Purchase and Submit the Bid Document | PPMO's website: www.bolpatra.gov.np./egp |
|---|---|

**Only eligible bidders with the following key qualifications should participate in this bidding:**


- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 103 Million
- Minimum Work experience of similar size and nature:
- Any steel frame structured building constructed with a minimum cost of NRs. 1,84,00,000/- within last 10 years.
- Should have completed key activities:
- Steel Structure work in steel frame structure building: 12,000 Kg in one contract within last 10 years.

| | |
|---|---|
| Account Details for the payment of the non-refundable bid document fee | **Account Name: Rajbiraj Municipality, Aantarik Rajaswa Khata**<br>**Bank Name: Rastriya Banijya Bank Limited**<br>**Bank Address: Rajbiraj, Saptari**<br>**Account Number: 2180100301010006** |
| Account Details to furnish the bid security amount | **Account Name: Rajbiraj Municipality, Dharauti Khata**<br>**Bank Name: Rastriya Banijya Bank Limited**<br>**Bank Address: Rajbiraj, Saptari**<br>**Account Number: 2180100303000006** |

2. Eligible Bidders may obtain further information from **PPMOs website: www.bolpatra.gov.np./egp**

**Chief Administrative Officer**

# खोप अवैधरूपमा बेचबिखन गरिए कारबाही



**काठमाडौं/मस**–सरकारले कोरोना भाइरसविरुद्धको खोप अवैधरूपमा बेचबिखनको पाइएमा कारबाही गर्ने जनाएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा.समिरकुमार अधिकारीले बुधबार सूचना जारी गर्दै कोरोना भाइरसविरुद्धको खोप सरकारले निःशुल्क लगाइरहेकाले अवैधरूपमा बेचबिखन गरेको पाइएका कारबाही गर्ने जनाएका छन् ।

'अवैधरूपमा खोप बेच्ने र किनेर लगाउने दुवैलाई प्रचलित कानुनबमोजिम कडा कारबाही हुने छ', उनले जारी गरेको सूचनालाई भनिएको छ,'कोरोनाविरुद्धको खोप बेचबिखन भएको थाहा पाउने जो कोहीले स्थानीय प्रशासन, प्रहरी कार्यालय, पालिका वा स्वास्थ्य कार्यालयमा जानकारी गराउन अनुरोध गरिएको छ ।' सरकारले खोप अभियान सञ्चालन गरी सबै नागरिकलाई खोप लगाइरहेको छ । अहिले १२ देखि १७ वर्ष उमेर समूहका विद्यार्थीलाई र १८ वर्षभन्दा माथि सबैलाई खोप लगाइरहेको छ ।

# नवलपरासीमा थप ४५ जनामा कोरोना संक्रमण

**सहबान अन्सारी/मध्यान्ह**
**नवलपरासी, ५ माघ**

नवलपरासीमा थप ४५ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । बुधबार पीसीआर परीक्षणबाट २४ र एन्टिजिन परिक्षणबाट २१ जना गरी ४५जनामा कोरोना संक्रमणको पुष्टि भएको हो ।

रामग्राम नगरपालिकामा ३ जना सुनवल नगरपालिकामा १८ जना, बर्दघाट नगरपालिकामा १७ जना, सरावल गाउँपालिकामा ३जना सुस्ता गाउँपालिकामा २जना र पाल्हिनन्दन गाउँपालिकामा ३ जनामा कोरोना संक्रमणको पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय नवलपरासीले जनाएको छ । जिल्लामा सक्रिय संक्रमितको संख्या १ सय ८० पुगेको छ ।


**टिम वर्क ग्रुप कन्सलटेन्सी प्रा.लि. को अत्यन्त जरुरी सूचना**

यस **टिम वर्क ग्रुप कन्सलटेन्सी प्रा.लि. (रजिष्ट्रेशन नं. २७५२८७/०७८/०७९)** को नाममा रबिन किराती भन्ने व्यक्तिले विभिन्न यस कार्यालयको फोटोहरु खिचेर आफु यस कन्सलटेन्सीमा आवध भएको र विदेश पठाई दिन्छु भन्ने सुन्नमा आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा.लि. को उहाँ संग कुनै पनि सम्बन्ध नरहेको यसै सूचनाद्वारा सबैमा जानकारी गराउँदछौं । यस प्रा.लिको नाममा कुनै पनि सम्बन्धी कारोबार गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । यस प्रा.लि.को आर्थिक कारोबार यसै प्रा.लिको लेखा शाखाबाट मात्र गर्न र अन्यथा गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**टिम वर्क ग्रुप कन्सलटेन्सी प्रा.लि.**
सामाखुसी रिङरोड, काठमाडौं, नेपाल
(रजिष्ट्रेशन नं. २७५२८७/०७८/०७९) फोन नं: ९८०८२४७६६५

**इलान इन्टरनेशनल प्रा.लि. को अत्यन्त जरुरी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त **इलान इन्टरनेशनल प्रा.लि. (श्रम इजाजत पत्र नं. २०४/०५७/०५८)** को नाममा भिमशेन अधिकारी यस एलान इन्टरनेशनल प्रा.लि. को निर्देशक हुँ भन्दै राहदानी र रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा.लि. को उहाँ संग कुनै पनि सम्बन्ध नरहेको यसै सूचनाद्वारा सबैमा जानकारी गराउँदछौं । यस प्रा.लिको नाममा कुनै पनि वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । यस प्रा.लि.को आर्थिक कारोबार यसै प्रा.लिको लेखा शाखाबाट मात्र गर्न र अन्यथा गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**इलान इन्टरनेशनल प्रा. लि.**
Govt. Lic. No. 204/057/058
सामाखुसी, रिङरोड, काठमाडौं, फोन: ४३८८४९३, ४३५७८५२, ४३८७८१५, फ्याक्स: ४३५२४४३
Email: elaninternational204@gmail.com, Web.: www.elaninternational.com.np



**UAE मा रोजगारको अवसर** | १. कम्पनी: AL SARH RECRUITMENT
शहर: ABU DHABI

पूर्व स्वीकृत मितिः २०७८/१०/०५ चलानी नं.: ६०१६८०८१ LT. No.: 251186 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Building Labourer | 100 | 0 | स. काममा दक्ष | 800 | २५,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १३ गते (27 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**TILICHO OVERSEASE PVT. LTD.**
Gov. Lic No. 1234/074/075
Sinamangal-09, Omnagar, Kathmandu, Nepal | Tel : 01-4111014, Mob: 9810059379, 9851097971
Email : tilichooverseas@gmail.com | Web: www.tilichooverseas.com.np



**साउदीमा रोजगार** | १. कम्पनी: Durrat Al-Hail Paper Product Factory Worker
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/१०/०५ चलानी नं.: ६०१७२९६६ LT. No.: 256390

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Worker | 3 | 0 | स. काममा दक्ष | 1120 | ३५,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SUNRISE SAHARA GENERAL CONTRACTING COMPANY शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७८/१०/०५ चलानी नं.: ६०१७२९६७ LT. No.: 256401

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Ordinary Factor | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,२२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Public Car Driver | 5 | 0 | | 1500 | ४७,५६५ | | | | | | | |
| 3. | Truck Drivers | 7 | 0 | | 2200 | ६९,७६२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १३ गते (27 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | १. को निःशुल्क २ को १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.**
Govt. Lic. No.: 341/059/060
पो.ब.नं.: २३४८९, बसुन्धारा, काठमाडौं । फोन नं.: ०१-४९८७६०२, ४९८७६०३,
मो.: ९८४१९९६५७१, ९८४१९९६५७२, ९८५४१९९६५७३, ९८०६९३०६०१
Email : trivenioverseas.nepal@gmail.com,, info@trivenioverseas.com, Web:www.trivenioverseas.com



**साउदीमा रोजगार** | कम्पनी: Emad New Markets & Bakery Co. Ltd.
शहर : JEDDAH

पूर्व स्वीकृत मितिः २०७८/१०/०५ चलानी नं.: ६०१७२९६३ L.T. No.: 256433

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Labor | 5 | 0 | स. काममा दक्ष | 1300 | ४१,२२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १३ गते (27 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AL JAZEERA OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1343/074/075
Samakhusi, Kathmandu, Nepal, Tel: 4352379, 4390605, Fax: 4352379
E-mail: info@aljazeeraoverseas.com, Web.: www.alzeeraoverseas.com.np


# Aathbiskot Municipality
# Office Of Municipal Executive

**Aathbiskot, Rukum (West)**
**Karnali Province, Nepal**

## Invitation for Bids

**Contract Identification No: As mentioned below**
**(First Date of Publication: - 2078/10/06 (20 Jan 2022)**

1. The Aathbiskot Municipality, Aathbiskot Rukum (West) now invites bids from eligible and qualified bidders for the procurement of items listed in the table below under National Competitive Bidding (NCB).
2. Bidding will be conducted through the National Competitive Bidding (NCB) procedures specified in the Public Procurement Act of Nepal and is open to all bidders from Eligible Source as defined in the bidding document.
3. Interested eligible bidders may obtain further information and inspect the Bidding Documents from the AMO, Aathbiskot, Rukum (West) on official working days between **working hours** (Nepal Time) from **20 Jan 2022 (2078/10/06)** to **18 Feb 2022 (2078/11/06)**, at their own convenience, on the PPMO website **(www.bolpatra.gov.np/egp)**. Interested bidders must first register on the PPMO website to access the document and choose the electronic bidding procedure. A complete set of Bidding Documents in English may be downloaded from the PPMO website upon payment of a non-refundable fee mentioned in the table below. The method of payment will be in the form of cash deposit certificate in the following account

   **Bank Name** : Century Commercial Bank
   **Bank Address** : Aathbiskot Municipality 09, Rukum (west)
   **Account holder's Name** : Aathbiskot Municipality Office
   **Account Number** : 0920000017GE (Rajaswo Khata)
4. Interested bidders must submit their bid electronically through e-procurement section of PPMO website: **http://www.bolpatra.gov.np/**egp. The bidders can download the necessary part of bidding documents, prepare their bids and submit their electronic bids electronically, for this purpose the bidder shall be required to deposit the cost of bidding document as specified above in the above mentioned Account Number of AMO at Century Commercial Bank, Aathbiskot Branch and electronic scanned copy (pdf format) of the Bank deposit voucher/tele transfer receipt shall also be submitted along with the electronic bid files.
5. Bids must be valid for **90 days** after the date of bid opening and must be accompanied by Bid Security not less than the amounts mentioned on the table below. The Bid Security shall be in the name of the Bidder and in the case of a Bid Security issued by a foreign bank, the same shall be counter-guaranteed by a Class "A" Commercial Bank in Nepal. The Bid Security must be valid for **thirty (30) days** beyond the bid validity period. If the bidder wishes to submit the Cash Security, the cash security should be deposited in following account

   **Bank Name** : Century Commercial Bank
   **Bank Address** : Aathbiskot Municipality 09, Rukum (west)
   **Account holder's Name** : Aathbiskot Municipality Office
   **Account Number** : 0920000004GE (Dharauti Khata)

   And submit the voucher in pdf format with the bid document.
6. Bids will be opened in the presence of the bidders' representatives, who choose to attend in person, at the address above at 14:00 hours (Nepal Time) on **18 Feb 2022 (2078/11/06)**.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the AMO reserves the right to amend and correct at any time.
9. AMO reserves the right to accept or reject wholly or partly or all bids without assigning any reason whatsoever.
10. Particulars of the works and respective bid security required is:

| SN | Contract No. | Description of Works | Bid Document Fee | Bid Security Fee | Last Date of Bid Submission | Date of Bid opening | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | AMO/NCB/G-05/2078/079 | Supply of 4*4 single cab pickup at Aathbiskot Municipality Office Yard. | NRs. 3000 | NRs. 2,70,000 | 18 Feb 2022 12:00 | 18 Feb 2022 14:00 | Not all other mentioned here would be as per respective bid document. |
| 2 | AMO/NCB/G-06/2078/079 | Supply of 4*4 double cab pickup at Aathbiskot Municipality Office Yard. | NRs. 3000 | NRs. 80,000 | 18 Feb 2022 12:00 | 18 Feb 2022 14:00 | |
| 3 | AMO/NCB/G-07/2078/079 | Supply of milk tanker at Aathbiskot Municipality Office Yard. | NRs. 3000 | NRs. 1,25,000 | 18 Feb 2022 12:00 | 18 Feb 2022 14:00 | |
| 4 | AMO/NCB/G-08/2078/079 | Supply of 3T High Deck (HD) truck at Aathbiskot Municipality Office Yard. | NRs. 3000 | NRs. 80,000 | 18 Feb 2022 12:00 | 18 Feb 2022 14:00 | |
| 5 | AMO/NCB/G-09/2078/079 | Supply of High Side Deck (HSD) Truck at Aathbiskot Municipality Office Yard. | NRs. 3000 | NRs. 95,000 | 18 Feb 2022 12:00 | 18 Feb 2022 14:00 | |


**Mani Raj Shah**
**For Chief Administrative officer**


**HOSPITALITY TRAINING**

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
**Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation**

विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने **Professional Diploma in Hotel Management (PDHM)** पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा **ADMISSION OPEN** गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# राजनैतिक बेइमानी

मधेश प्रदेश सरकारले मधेश आन्दोलनका शहीद परिवारलाई ३/३ लाखका दरले राहत दिएको छ । शहीद परिवारलाई 'बलिदानी दिवस'को अवसर पारेर राहत रकम दिएको हो । २०६३ सालको अन्तरिम संविधानप्रति असहमति प्रकट गरी शुरू भएको मधेश आन्दोलनमा ज्यान गुमाउनेहरूको सम्झनामा बलिदानी दिवस मनाउने गरिएको छ । मधेश आन्दोलनको नेतृत्व गरेको दलहरूले वर्षेनि बलिदानी दिवसको अवसरमा केही न केही कार्यक्रम गर्ने गरेको छ । यसपटक भने शहीद परिवारलाई तीन लाखका दरले राहत दिएको छ । अंगभंग तथा अपाङ्ग परिवारलाई २५ हजार देखि तीन लाखसम्म राहत दिएको छ । शहीद परिवारमा बेरोजगार भए मासिक २१ हजार स्थायी रूपमा दिने व्यवस्था गरिएको प्रदेश सरकारले जनाएको छ ।

यसपटक प्रदेश सरकारले दिएको राहतले पीडित परिवारलाई थोरै भएपनि मलम लगाउन सहयोग पुगेको छ । शहीद परिवार, अपाङ्ग र घाइतेहरूको पीडा १५ वर्ष पुरानो हो । जबकी प्रदेश सरकार बनेको पनि चार वर्ष पूरा भएको छ । यो चार वर्ष पीडित परिवारका निम्ति छोटो अवधि होइन । खुशीमा लामो अवधि पनि छोटो लाग्छ । तर पीडा भोग्नेलाई सेकेण्ड पनि दिन हुन्छ । तर प्रदेशमा लगातार चार वर्षदेखि नेतृत्व गरिरहेको र संघीय सरकारमा पनि पटकपटक सामेल भएका दलहरूले यसतर्फ ध्यान दिन सकेको थिएन । मधेश आन्दोलनका प्रमुख नेतृत्वकर्ता उपेन्द्र यादव २०७४ को प्रदेश तथा प्रतिनिधिसभा निर्वाचन लगत्तै संघीय सरकारका उपप्रधानमन्त्री बनेका थिए । त्यसपछि महन्थ ठाकुर नेतृत्वका नेताहरू पनि संघीय सरकारमा सहभागी भए ।

तर जसले आफ्नो प्राणको आहुती दिएकाले आजको राजनीतिक उचाइ बनाए, त्यही शहीदका आफन्तको पीडामा नेताहरू ओठे भक्तिमा सीमित थिए । अझ राहत दिनुलाई पनि राजनीतिक प्रभुत्व बिस्तारकै अंशका रूपमा लिने गरेका छन् । यो राजनीतिक बेइमानी हो । राजनीतिक परिवर्तनका निम्ति भएको आन्दोलनप्रति धोका हो । त्यो आन्दोलनप्रति इमान्दार हुने हो भने शहीद परिवार, घाइते र अपाङ्गहरूको हर समस्यामा राजनीतिक नेतृत्वलाई पीडा हुनुपर्छ । राजनीतिक संकल्पप्रति इमान्दारिता प्रकट गर्नुपर्छ । तर पदकै निम्ति दल विभाजन, सत्तामा सहभागी र फेरि शहीदकै कुरा गर्नुले राजनीतिप्रतिको निष्ठा र विश्वास समेत कमजोर भएर जानेछ ।

# समृद्धिका लागि इमानदार नेतृत्व

**सत्तापक्षमा हुँदा र प्रतिपक्षमा हुँदा छेपारोले झैं बोली फेर्ने नेपाली शीर्षस्थ राजनीतिक पार्टीहरुको द्वैध चरित्र पनि घातक छ । यही कारण शासन सत्तामा सबै राजनीतिक पार्टी तथा नेतृत्वले स्पष्ट प्रजातान्त्रिक विधि तथा खुला बहसमा विश्वास गर्न सक्नुपर्दछ ।**

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल

कुनै अमुक पार्टी वा नेताको नीति तथा नारा देशभक्तिपूर्ण हुँदैमा देश निर्भयताका साथ सुरक्षित हुन्छ भन्न सकिन्न । नश्वर भौतिक शरीरका बाहक नेताहरुको देशभक्तिको भाव तथा नाराले मात्र पुग्दैन । राजकीय पद्धतिबाट नै समग्र नेताहरु तथा पार्टीहरुमा राष्ट्रिय भक्तिभाव सिर्जना गर्नु तथा हुनु पर्दछ । मुलुकका कुनै पनि नेता तथा राजनीतिक पार्टीहरु विदेशीका प्रतिनिधि हुन सक्दैनन् र इसारामा काम गर्दैनन् भन्ने विश्वास आम जनतामा उत्पन्न हुनुपर्दछ । देशभक्तिको सस्तो लोकप्रियताको राजनीतिले मात्र राष्ट्र सुरक्षित हुन सक्दैन ।

नेतृत्वले आफ्नो कार्यकालमा देशभक्तिका पूर्वाधारमा ध्यान दिएर देशलाई संकटमा पर्नबाट बचाउन सक्छ । तर, तत्कालीन आवश्यकता पूरा गर्ने र आफूलाई सफल देखाउने अदूरदर्शी तथा स्वार्थमा पार्टी र सरकारको नेतृत्वकारी शासन शैलीलाई आत्मघाती कदम मानिन्छ । यसर्थ मुलुकको हितका लागि देशको स्वाधिनता, स्वाभीमानका विषयमा कुरा गर्दा नेतृत्वले सर्वप्रथम आफ्नो पार्टी, राजनीतिक पार्टीहरुका बीचमा वा सरकारका आधिकारिक निकायमा राख्न पर्दछ ।



## स्वाभीमानी कुटनीतिकको विकास

कुनै पनि देश कुनै कारणले आफू खुशी रुपमा सञ्चालित हुन सक्दैनन् । अझ छिमेकमा भएका देशहरु बीचमा एक आपसमा निर्भर हुनै पर्ने हुन्छ । नेपाल जस्ता देश जहाँ दुईतिर विशाल मुलुक चीन र भारतसित सीमा जोडिएका छन् । दुई देशको बीचमा भएर पनि आर्थिक विपन्नता र चरम कुशासनमा मुलुक फसि रहनु चीनताको विषय हो । तापनि हाम्रो देशले यी दुई छिमेकी देशको आर्थिक प्रगति र समुन्नतिबाट नेपालले फाइदा उठाउन नसक्नुको मुख्य कारण कुशासन र कुटनीतिक क्षेत्रको असफलता हो भन्ने देखिन्छ । यसर्थ, जनता तथा राजनीतिक पार्टीहरुका तहबाट गैरजिम्मेवारी साथ प्रकट हुने जुनसुकै बोलीमा लगाम लगाउन सक्नुपर्दछ । राजनीतिक पार्टी नेतृत्वले मुलुक असफलतामा किन गयो ? यो मुद्दामा आफैँ आत्मसमीक्षा गरी जनताका आक्रोस तथा गुनासाको विषपान गर्न शीर्षस्थ तयार हुन सक्नु पर्दछ ।

कटुसत्य अभिव्यक्तिलाई पनि कुटनीतिक तहबाट उत्तर दिइने गरी देशको स्वाभीमानीलाई कुटनीतिक रुपमा स्थापित गर्नु उचित हुन्छ । वैदेशिक ऋण, अनुदान तथा सहायता र आर्थिक लेनदेनका सन्धि सम्झौँता गर्ने तहमा लोभीपापी कर्मचारीलाई अगाडि सार्ने तथा अस्थीर सरकारका मन्त्रीलाई मात्र अधिकार दिनु पनि कुटनीतिक क्षमताको विचलन हुन गएको छ । तसर्थ नेपालमा जे जति विवाद र देशलाई भुमरीमा फसाउने कुकर्म भएका छन् सबै लोभीपापी राजनीति र प्रशासनको खेलमा भइरहेको छ । तसर्थ विदेशीसँग गरिने सन्धि सम्झौता र ऋण, अनुदान आर्थिक सहयोग आदिका लागि राष्ट्रिय सहमतिको कानूनी आधार तयार गरिनु र त्यस अनुरुपको कुटनीतिक पहल हुनु आजको आवश्यकता भएको छ ।

## दुरदर्शी नीतिको खाँचो

देशभक्तिको भावनामा कुनै स्पष्ट अडान र योजना तथा अवधारणा बिना अगाडि बढ्दा मुलुक अझ समस्या र संकटमा फस्न पुग्दछ । कुटनीतिक क्षमता अभावमा विदेशी सम्बन्धमा एकपछि अर्को समस्या सिर्जना हुने र समस्यामाथि समस्या नै सिर्जना हुने गरेका छन् । सत्ता, शक्ति र पदीय चाहनाले विवेक गुमाएको अवस्थामा साना-साना समूहका बीचमा आपसी समस्या हल गरी निकास निकाल्न कठिन हुन्छ भने ठूलो देश र साना देशका बीचमा कति नराम्रो असर पर्दछ होला अनुमान गर्न सकिन्छ । राष्ट्रप्रतिको पदीय जिम्मेवारीको दायित्व निर्वाह गर्ने स्वदेशको मायामा स्वविवेक गुमाएको राजनीतिक तथा प्रशासनिक नेतृत्वको तहबाट मुलुकमा सिर्जित कुनै पनि समस्याको उचित समाधान हुँदैन ।

> बढ्दो भ्रष्टाचार र अनियमितताका श्रृंखलाहरुले मुलुकको श्रम बजार, रोजगारीका क्षेत्र र सञ्चालन भएका उद्योग कलकारखाना र कृषि, पशु तथा अर्थतन्त्रका आधारहरु समाप्त हुँदै गए । यसै कारण अविवेकी तथा अपराधी मानसिकताको राजनीतिक तथा प्रशासनिक नेतृत्वमा मुलुकको समृद्धि सम्भव हुँदैन ।

भारत र चीनसित मात्र जोडिएको राजनीतिक उल्झनका कुराहरु के-के स्वार्थ र विवादमा हो सिमा नै नजोडिएको र प्रत्यक्ष रुपमा कुनै आर्थिक, राजनीतिक र सामाजिक सम्बन्ध नभएको अमेरिकासँगको सम्बन्धमा विवाद सिर्जना हुँदो छ । राजनीतिक नेतृत्व, पार्टी र तिनका पक्षधर बुद्धिजीवि वर्गको एमसीसीप्रतिको पक्ष र विपक्षको बहसले दुई देशका बीचमा निकास निकाल्नुको साटो उल्टो एकपछि अरु समस्याहरु थपिँदै जान थालेका छन् । परनिर्भरतामा मुलुक चलाउने विलासी चरित्रका नेताहरुको कारण पनि मुलुक थप संकटमा फसिरहेको छ । नेपालमा विदेशी लगानीका योजना, आयोजना निर्माणका सम्बन्धमा राजनीतिक तहमा कुनै स्पष्टता हुन सकेको छैन । नेपालमा प्रशासनिक शिर्षस्थ नेतृत्वको पेसागत आचरण र कार्यक्षमताबाट मुलुक ठगिँदै आएको यथार्थ सत्य मानिन्छ ।

राज्यमा बढ्दो भ्रष्टाचार र अनियमितताका श्रृंखलाहरुले मुलुकको श्रम बजार, रोजगारीका क्षेत्र र सञ्चालन भएका उद्योग कलकारखाना र कृषि, पशु तथा अर्थतन्त्रका आधारहरु समाप्त हुँदै गए । यसै कारण अविवेकी तथा अपराधी मानसिकताको राजनीतिक तथा प्रशासनिक नेतृत्वमा मुलुकको समृद्धि सम्भव हुँदैन । स्वार्थ र अपराधिकै हितमा आदेश पालना गर्ने कर्मचारी समूहको जमातले देशको रक्षा गर्न सक्दैन । यसर्थ नेतृत्वको अदूरदर्शिताबाट सिर्जित समस्याहरु इमानदार भएर पहिचान गरौँ तथा पारदर्शितासाथ विवेकसम्मत समाधानका लागि राजनीतिक, प्रशासनिक तथा सामाजिक वातावरण निर्माण गरौँ अनि मात्र मुलुकको सुरक्षा होला ।

## आर्थिक समृद्धिका लागि इमानदार नेतृत्व

हामीकहाँ आवधिक चुनावी पद्धतिबाट नेतृत्व चयन हुने राजनीतिक प्रणाली छ । सबैजसो राजनीतिक पार्टीभित्र प्रजातान्त्रिक अभ्यास छ । तर, राजनीतिक पार्टीका भेला, गोष्ठी र महाधिवेशन आदिमा आम जनताका समस्याप्रति छलफल नै भएन । यसैले राजनीतिक पार्टीहरुका गतिविधि, सम्मेलन र महाधिवेशनहरु निस्वार्थ, इमानदार तथा मुलुकको समृद्धिप्रतिको राजनीतिक बहसबाट धेरै टाढा छन् । यी पार्टीहरुको ध्येय पार्टीको नेतृत्व हत्याउने सत्ता, शक्ति र पदीय दुरुपयोग गरी आफ्नो वैयक्तिक आर्थिक समृद्धि र वर्गीय सामर्थ्यता हासिल गर्ने तहसम्मको घटियापन मा सिमित देखिन्छ । यस्तो अवस्थामा मुलुकको आर्थिक समृद्धि, भौतिक विकास तथा राष्ट्रिय स्वाभीमान कसरी वृद्धि हुन्छ ? गम्भीर भएर सौँचौँ र मुलुकको आन्तरिक रोजगारी र स्वाभीमानको मार्गमा ध्यान देऔँ ।

मुलुक सबैको साझा हो । राजनीतिक पार्टीका आधारहरु ती ती विषयमा सहमत भई सामूहिकतामा आवद्ध भएका समूहहरु हुन् । ती सबै समूहलाई उपेक्षा गरेर पार्टी नेतृत्व र सरकारमा हुँदा शिर्षस्थ नेतृत्वले म नै एकल शक्ति हुँ । म नै सबै निर्णयको आधिकारिक आधार हुँ भन्ने घमण्ड शिर्षस्थ नेतृत्वमा रहेसम्म मुलुकमा प्रजातन्त्र फस्टाउन सक्दैन । तसर्थ नेताहरुले आफूभित्रको स्वार्थ, विकृति र विसङ्गति त्यागौँ । आर्थिक निर्भरतासाथ देशको कायापलट गर्ने तथा सबै क्षेत्रका जनतामा विश्वास जित्ने पारदर्शी योजना सिर्जना हुनु पर्दछ । देश र जनताले आर्थिक समृद्धता र रोजगारीका अवसर पाएमा मुलुकले कुनै पनि पक्षमा विदेशी शक्तिसँग हार्ने सवाल हुँदैन ।

लोभीपापी र कमजोर मानसिकताका नेतृत्वले अजिङ्गरलाई अगाडि राखेर भ्यागुताहरुलाई सुरक्षित छौँ भनी तिमी स्वीकार गर भनिरहेछन् । सत्तापक्षमा हुँदा र प्रतिपक्षमा हुँदा छेपारोलेझैँ बोली फेर्ने नेपाली शीर्षस्थ राजनीतिक पार्टीहरुको द्वैध चरित्र पनि घातक छ । यही कारण शासन सत्तामा सबै राजनीतिक पार्टी तथा नेतृत्वले स्पष्ट प्रजातान्त्रिक विधि तथा खुला बहसमा विश्वास गर्न सक्नुपर्दछ । आफ्नो देशको भूगोल, अर्थतन्त्र तथा सबै पक्षको सही विश्लेषण गरी आफ्नो मानवीय जनशक्ति तथा सम्भावित सामर्थ्यताको आधारमा जनताको हरेक पक्षमा विश्वास लिएर दीगो निकासको बाटो खोज्न सबै किसिमको वैयक्तिक राजनीतिक स्वार्थ त्यागका लागि हाम्रा नेताहरु तयार नभएसम्म मुलुकको सुरक्षा र स्वाभीमान अभिवृद्धि हुन सक्दैन ।

निस्वार्थता र पारदर्शी सहभागिताले मात्र मुलुकलाई समृद्ध तथा सबल बनाउन सकिन्छ । यसर्थ, आम जनताको रोजगारी, स्वरोजगारी, आयार्जन तथा आर्थिक समृद्धिका साथ जनअभिमतमा मात्र राष्ट्रिय एकता तथा विदेशी हस्तक्षेपका विरुद्ध प्रतिकार गर्न सकिन्छ । यो नै मुख्य जनपक्षीय राजनीति तथा देशभक्तिको इमानदार मापदण्ड हुन्छ ।

*(पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव छन् ।)*

## सामाजिक सञ्जाल



**- बाबुलाल भण्डारी**

बाबुरामले माओवादी केन्द्र छोड्दा प्रचण्डको टिप्पणी थियो – यो मान्छेलाई कसले सहन सक्दोरहेछ, म पनि हेरौँला ! नेता मोहन विक्रम सिंहले पनि अविश्वसनीय र चरम महत्वांकाक्षी भनेको सुनिन्थ्यो । त्यत्रा प्ल्याटफर्म चाहार्दै अन्तिममा उपेन्द्रसँग पुगेका थिए, त्यहाँ पनि खिचपिच सुरू भएछ !



**- शम्भू चौहान**

माओवादीका हतियार खोलाले बगाए जस्तो २४ लाख खोप खोलाले बगाएको त हैन होला नि, स्वास्थ्य मन्त्रालयको जवाफदेहीता चाहियो । पारदर्शिता चाहियो, राजा महेन्द्रका पालामा खनेका ७ खाल्डा खोज्दै हिड्ने कांग्रेस महामन्त्री शर्माले २४ लाख खोप कहाँ पुरेको छ खोज्न पर्दैन ? पानी ट्याङ्कीमा त अँटेन होला पक्कै ?



**- वविता बस्नेत**

छिमेकी मुलुक भारतले कुनै ब्यापारीले पैसा कमाओस्, त्यसबापत नेपालका मन्त्री र सचिवले कमिशन पाउन् भनेर धर्मशाला बनाइदिएको थिएन । धर्मशालालाई व्यापारीकरण गर्नु धर्मशाला शब्दकै अपमान हो । आले–योगेश मनोरञ्जनभित्रको गाम्भीर्यता !



**- सरवेश अर्याल**

यहाँ राष्ट्रबादी देखिन भारतको विरोध गर्नुपर्छ । आफैले बेचेको भूमिको नक्सा जारी गरेर देखाउनुपर्छ । आफैले भारतलाई बुझाएको नेपाली स्वाधिनताको साचो खोस्न लागे झै गरि चिच्याउनु पर्छ । एउटा उखान छ नि 'अर्कालाई चोर लगाउनु भन्दा पहिला आफ्नो थैलो सुरक्षित राख्नु !' यहाँ त्यही नाटक मञ्चन गरिदैछ ।



**- टेक नारायण पौडेल**

के मानवता हरायो ? के पैसाको लागि आमा बेचेर पैसा थाप्छन् होला कि मरेर जाँदा पैसा सँगै लगेर जान्छन् होला ? भूकम्पले जनता घरबार बिहीन भैरहँदा जस्तापाता गायब भो । अहिले कोरोनाले जनतालाई चरम यातना दिईरहँदा कोरोनाविरूद्ध २०/२५ लाख डोज खोप गायब । यस्ता दरिद्र मानसिकताधारिहरूको जमात कहिले अन्त होला ?

# किसान आन्दोलनले उठाएका प्रश्न

## टिप्पणी



● उपेन्द्र झा

> किसान आन्दोलनलाई दलगत दृष्टिकोणबाट हेर्नु हुँदैन । कृषि समस्या समग्र किसानको समस्या हो । कृषि पेशामा संलग्न हुनेलाई यति सजिलो सित वेवास्ता गर्न मिल्दैन । कृषि समस्यालाई दीर्घरूपमा निदान गर्न नीति, योजना, व्यवस्था केही नरहेको अवस्थामा किसानले भोगिरहेको पीडालाई मुखरित गर्छ नै । किसान आन्दोलन त्यही आवाज उठाएको हो ।

कुनै बेला जनताका लागि कृषि नै जीवनाधार रहेको अवस्थामा ८५ प्रतिशत जनता कृषिमा आधारित थिए । कृषि जनताको मान, सम्मानको माध्यम थियो । ०३५/०३६ सालसम्म नेपालले २४ करोड ३८ लाख ६३ हजार मूल्यको चामल निर्यात गरेको थियो । ४२ वर्षपछि चालू आ.व.को ५ महिनामा नेपालले १ खर्ब ८६ अर्ब ४७ करोडको कृषिजन्य वस्तु आयात गरेको छ । यो कुल आयातको २२.२४ प्रतिशत हो । ०७५/०७६ को यही अवधीमा ३६ अर्ब २० करोड ४८ लाखको कृषि उत्पादन आयात भएको थियो । आयातको दरलाई हेर्दा कृषि उत्पादनमा सरकारको कुनै चासो नरहेको प्रतीत हुन्छ । देशको व्यापारघाटा चालू आ.व.को ५ महिनामा ७ खर्ब ३८ अर्ब ४४ करोड रहेको छ । गत वर्ष सोही अवधीमा २ खर्ब ६१ अर्बको व्यापार घाटा थियो । चालू आ.व.को यही अवधीसम्म आयात ८ खर्ब ३८ अर्ब रहेको छ । निर्यातको अवस्था गत वर्षको तुलनामा केही सुध्रेपनि त्यसले आयातमा खासै कमी ल्याउन सकेन ।

